नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**(वातावरण व्यवस्थापन शाखा)**

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००२८३
web page: www.mofald.gov.np
सिंहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७२/७३
च.नः ४८५

**मितिः– २०७३।२।१६**

विषयः विश्व वातावरण दिवस जुन ५, २०१६ मनाउने सम्बन्धमा ।

**श्री जिल्ला विकास समितिको कार्यालय (७५ वटै)**
**श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाको कार्यालय (२१७ वटै)**

यस वर्षको वातावरण दिवस भव्य रुपमा सम्पन्न गर्ने सम्बन्धमा यस मन्त्रालयको च.नं. ४३२, मिति २०७३।२।९ गतेको पत्र प्राप्त गर्नुभएकै छ । जनसंख्या तथा वातावरण मन्त्रालयको च.नं.१३०२ मिति २०७३।२।४ गतेको पत्रबाट विश्व वातावरण दिवस जुन ५, २०१६ मनाउने सम्बन्धमा जनसंख्या तथा वातावरण मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा गठित मूल समारोह समितिको मिति २०७३।१।३१ गतेको बैठकका तपसिल बमोजिमका निर्णयहरु कार्यान्वयनका लागि जिल्ला विकास समितिका कार्यालयहरु र नगरपालिकाहरुलाई आवश्यक निर्देशनका लागि लेखी आएकाले सम्बन्धित कार्यालयहरुसँग समन्वय गरी सोही अनुरुप गर्नुहुन आदेशानुसार अनुरोध छ ।

**निर्णय नं. ३:** वातावरण दिवसका अवसरमा ७५ वटै जिल्लामा जिल्ला प्रशासन कार्यालयको समन्वयमा जिल्ला शिक्षा कार्यालयले स्थानीय नागरिक समाज, उद्योगपति, व्यापारी, पत्रकार, विद्यालय परिवार, सरकारी कर्मचारी तथा तिनका परिवार र सर्वसाधारण समेत सहभागी गराई विद्यालय परिसर तथा सार्वजनिक स्थल सरसफाई गर्ने गराउने, विद्यालय हाता र सार्वजनिक स्थानमा वृक्षारोपण गर्ने गराउने व्यवस्था मिलाई दिन जनसंख्या तथा वातावरण मन्त्रालयले गृह मन्त्रालय र शिक्षा मन्त्रालयलाई अनुरोध गर्ने ।

**निर्णय नं.५ :** वातावरण दिवस मनाउने क्रममा यही जेठ २२ गते विद्यालय हाता तथा सार्वजनिक स्थलमा गरिने वृक्षारोपणका लागि विरुवा उपलब्ध गराईदिन र स्थानीय स्तरमा वृक्षारोपण गर्न सार्वजनिक स्थल उपलब्ध गराइदिन सबै नगरपालिका तथा जिल्ला विकास समितिलाई आवश्यक निर्देशन दिन क्रमशः वन तथा भूसंरक्षण मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र गृह मन्त्रालयलाई जनसंख्या तथा वातावरण मन्त्रालयले अनुरोध गर्ने ।

**(रमिला भण्डारी)**
**शाखा अधिकृत**

बोधार्थ : श्री सूचना तथा विद्युतीय शासन शाखा, स.मा. तथा स्था.वि.म.: बेवसाइटमा Upload गर्नुहुन ।